annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २१५ पृष्ठ १० | काठमाडौं, मंगलबार २५ मंसिर २०८१ | मार्ग शुक्लपक्ष नवमी नेपाल संवत् ११४५ | TUESDAY, DECEMBER 10, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

मदन भण्डारी राजमार्ग

समय सकिन लाग्यो, काम आधा मात्रै

पूर्वको झापा बाहुनडाँगीदेखि पश्चिमको डँडेलधुरा रूपालसम्म जोड्ने मदन भण्डारी राजमार्गको सम्झौता अवधि सकिन लाग्दासमेत कामले गति लिएको छैन। पाँच वर्षभित्रै सम्पन्न गर्नुपर्ने यो आयोजनाको हालसम्म ५० प्रतिशत मात्र निर्माण पूरा भएको छ। आयोजना पूरा भएमा देशभर ६ वटा प्रदेशमा पर्ने १९ वटा जिल्लाका करिब ७२ लाख नागरिक प्रत्यक्ष लाभान्वित हुन्छन्। ठेकेदारको लापरबाही र सरकारले बजेटको सुनिश्चित गर्न नसक्दा आयोजनाले गति लिएको छैन।

आयोजनाको कुल लम्बाइ
७४० किमि

हालसम्म निर्माण सम्पन्न
३२७ किमि

आयोजनाको कुल लागत
५७ अर्ब

हालसम्म भुक्तानी
३७ अर्ब

योजना कार्यालयअनुसार प्रगति

योजना कार्यालय दमक
३५ प्रतिशत

योजना कार्यालय गुल्मी
३३.५ प्रतिशत

योजना कार्यालय सुर्खेत
३१.५ प्रतिशत

केशरराज क्षेत्री | *बुटवल*
- को रिपोर्ट

समाचार पृष्ठ २

‘नेपालले सबै छिमेकीसँग राम्रो सम्बन्ध राख्नुपर्छ’

रामकला खड्का | *काठमाडौं*

अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लुले नेपालले चीनलगायत सबै छिमेकी राष्ट्रहरूसँग राम्रो सम्बन्ध राख्नुपर्ने धारणा व्यक्त गरेका छन्। दक्षिण एवं मध्यएसिया मामिला हेर्ने लुले सोमबार अमेरिकी दूतावासमा सञ्चारकर्मीसँग कुराकानी गर्दै छिमेकीसँगको उक्त सम्बन्ध पारस्परिक सम्मान, नेपालको सार्वभौमसत्ता र देशको स्वतन्त्रताको सम्मानका आधारमा हुनुपर्ने बताए।

हालै चीनसँग नेपाल सरकारले गरेको बीआरआई सम्झौताको विषयमा बोल्दै उनले आफूले उक्त सम्झौताको विस्तृत दस्तावेज अहिलेसम्म हेर्न नपाएको सुनाए। नेपाली जनताले जस्तै आफूले पनि निकट भविष्यमा नै यस सम्झौताको विस्तृत विवरण हेर्न चाहेको र यसमा पारदर्शिता अपनाइनेछ भन्नेमा उनले विश्वास व्यक्त गरे। भारत, श्रीलंका र नेपाल भ्रमण गर्ने क्रममा सहायक विदेशमन्त्री लु आइतबार काठमाडौं आएका हुन्।

» बाँकी पृष्ठ ५

भैरहवाबाट उडान झिक्दै वायुसेवा

सुनिता कार्की | *काठमाडौं*

भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलमा उडान झिक्ने गरी वायुसेवा कम्पनीहरूले पहल थालेका छन्। जजिरा, फ्लाई दुबई र कतारले भैरहवामा गर्दै आएको अन्तर्राष्ट्रिय उडान रोक्न पहल थालेका हुन्। यो अन्तर्राष्ट्रिय विमानस्थल २०७९ जेठ २ गतेबाट औपचारिक रूपमा सञ्चालनमा आएको हो। सञ्चालनमा आएपछि एकैपटक चार वायुसेवा कम्पनीहरूले नियमित अन्तर्राष्ट्रिय उडान सुरु गरेका हुन्।

मौसमको कारण देखाउँदै अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीहरूले उडान झिक्न लागेको नेपाल नागरिक उड्डयन प्राधिकरणले बताएको छ। प्राधिकरणको विन्टर (जाडो) महिनाको उडान तालिका (२७ अक्टुबरदेखि ३१ मार्च) मा ५ अन्तर्राष्ट्रिय वायुसेवाले उडान भर्दै आएका थिए। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पाँच महिनाका लागि आंशिक रूपमा बन्द भएपछि नेपाल एयरलाइन्ससहित कतार, फ्लाई दुबई, एयर एसिया र जजिराले भैरहवाबाट उडान सुरु गरेका हुन्।

भैरहवामा हप्तामा २४ अन्तर्राष्ट्रिय उडान हुँदै आएका थिए। कतारले पहिला नै नोभेम्बर ३० सम्ममात्र उडान गर्ने भनेको थियो। बाँकीले मार्च ३१ २०२५ अर्थात् विन्टर तालिकाको पूरै अवधिभर नै उडान गर्ने भनेका थिए। सोही अनुसार उडान भइरहेका थिए। तर, भैरहवा विमानस्थलमा बिहानको मौसममा

भिजिबिलिटी कम हुँदा उडानमा असर गरेको गुनासो वायुसेवाहरूको रहेको प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलले जानकारी दिए। ‘मौसमका कारणले उडान होल्ड हुने, डाइभर्ट हुने कारणले गर्दा सञ्चालन खर्च बढेको छ। त्यसै त भैरहवाबाट यात्रु कम छन्। मौसमको कारणले फ्लाइट डाइभर्ट भएर काठमाडौं आउनुपर्ने र फेरि भैरहवा जानुपर्ने अवस्था भयो,’ भुलले भने।

यसले एकातिर काठमाडौंको एयर ट्राफिक डिस्टर्ब भइरहेको छ भने यात्रुले पनि धेरै समय पर्खिनुपर्ने अवस्था रहेको छ। अहिलेको लागि जजिराले पहिला नै जनवरीमा उडान नभर्ने गरी बीचमा अप्लाई गरेको र उक्त विमानको सेडियुल त्यही तरिकाले स्वीकृत भएको भुलले बताए। उनका अनुसार जजिरालाई बीचमा ब्रेक नगर्न प्राधिकरणले भनेको छ। थाई एयर एसिया र फ्लाई दुबईले केही समयका लागि उडान झिक्ने गरी प्राधिकरणलाई पत्र पठाएका छन्।

जनवरी अन्तिमबाट मौसममा सुधार भएपछि फेरि सुरु गर्ने भनेको भुलले बताए। भैरहवामा उडान रोक्ने सम्बन्धमा सम्बन्धित वायुसेवा कम्पनी र प्राधिकरणबीच सोमबार छलफल भएको छ।

» बाँकी पृष्ठ ६

मुक्तिनाथ क्षेत्रमा आंशिक हिमपात

सुन्दरकुमार थकाली | *जोमसोम*

मुक्तिनाथ क्षेत्रमा आंशिक हिमपात भएको छ। सोमबार दिउँसो परेको हिमपातले मुक्तिनाथ क्षेत्रका डाँडाकाँडा सेताम्मे भएका छन्। मुक्तिनाथमा योवर्षकै पहिलो आंशिक हिमपात भएको मुक्तिनाथ विकास समितिका कर्मचारी रविन सुवेदीले जानकारी दिए। मुक्तिनाथमा पहिलो हिमपात भयो, मुक्तिनाथ मन्दिर परिसरसँगै त्यस आसपासका क्षेत्रहरू हिउँले ढाकिएको छ, कर्मचारी सुवेदीले भने, ‘बाक्लो हिउँ पर्ने संकेत थियो, हावाहुरीका कारण थप हिउँ पर्न सकेन।’

मुक्तिनाथ क्षेत्रमा आंशिक हिउँ परेसँगै चिसो अत्यधिक बढेको छ भने मन्दिर परिसरमा परेको हिउँकै कारण मन्दिरमा दर्शन गर्ने भक्तजनहरूलाई निकै समस्या उत्पन्न भएको छ।

» बाँकी पृष्ठ ६



नारायणी स्टिल्सका उत्कृष्ट उत्पादनहरू

KEYAL GROUP

GI WIRE

SS PIPE

TMT RODS

JASTA PATA

NARAYANI STEELS

नारायणी स्टिल्स
पर्सा, नेपाल, सम्पर्क : ९८५५०२१७३१, ९८५५०३३५०३

बिमा प्राधिकरणको अध्यक्ष सिलवालको नागरिकता र राहदानीमा कैफियत

सुरेन्द्र काफ्ले | *काठमाडौं*

नेपाल बिमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल उमेरहद गएपछि पनि पदमा बहाल रहेको पाइएको छ। पटक-पटक जन्म मिति संशोधन गरी नागरिकता बनाएर पदको दुरुपयोग गरी लाभ, सुविधा प्रयोग गरिरहेको पाइएपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पूर्वगृहसचिवसमेत भइसकेका सिलवालविरुद्ध मुद्दा दायर गरेको छ। विशेष अदालतमा दायर गरेको आरोपपत्रमा उनले नागरिकतामा जन्ममिति पटक-पटक संशोधन गर्नेदेखि राहदानीमा केरमेट र जालझेल गरेको पाइएको उल्लेख गरिएको छ।

सिलवालको नेपाल बिमा प्राधिकरणको अध्यक्षको हैसियतमा ६५ वर्षको उमेरको हदबाट अनिवार्य अवकाश हुनुपर्ने हो तर २०८० साउन १६ गतेवाट ६६औं वर्षमा प्रवेश गर्दासमेत पदमा वहाल नै रहिरहेका छन्। सिलवाल पछिल्लो ९ महिनादेखि राष्ट्रसेवक पदको दुरुपयोग गरी लाभ, सुविधा र अधिकारको प्रयोग गरी रहेकाले कानुनबमोजिम कारबाही मागसहित अख्तियारले उनीविरुद्ध मुद्दा चलाएको छ।



अख्तियारले बिमाका अध्यक्ष सिलवालको नागरिकतामा कैफियत देखिएको तथ्य यसरी उजागर गरेको छ।

उनले जिल्ला प्रशासन कार्यालय, पर्साबाट २०३२ फागुन २४ गतेको नेपाली नागरिकता प्रमाणपत्र प्राप्त गर्दा उमेर १६ वर्ष उल्लेख भएको छ। जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट नेपाली नागरिकताको प्रतिलिपि प्राप्त गर्दा २०६६ वैशाख १७ गते जारी नागरिकतामा जन्म मिति २०१६ कात्तिक २२ उल्लेख भएको पाइएको छ। त्रिभुवन विश्वविद्यालयबाट जारी स्नातक तहको ट्रान्सक्रिप्टमा जन्म मिति २०१५ साउन १५ उल्लेख भएको छ।

सिलवाल स्वंयले भरेको नोकरी तथा वैयक्तिक विवरण(सिटरोल) मा समेत ट्रान्सक्रिप्टको नै जन्ममिति २०१५ साउन १५ उल्लेख गरी विवरण भरी निजामती सेवामा २०४३ साउन १ गते राजपत्रांकित तृतीय श्रेणी(शाखा अधिकृत) को पदमा नियुक्ति लिएको पाइएको छ।

सोही जन्ममितिको आधारमा निजामती किताबखानाबाट निवृत्तिभरण अधिकारपत्र प्राप्त गरेको पनि अनुसन्धान देखिएको छ। २०७३ साउन १५ गते अनिवार्य अवकाश प्राप्त गरेको देखिएको छ। उनले २०१५ साउन १५ लाई नै जन्म मिति कायम/स्वीकार गरे/गराएको पाइएको छ। तर, निजामती सेवामा नै वहाल रहेको अवस्थामा कूटनीतिक राहदानी, विशेष राहदानी प्राप्त गर्न निज स्वयंले भरेको पासपोर्ट एप्लिकेस फार्ममा आफ्नो उमेरको झुट्टा विवरण दिई जन्म मिति २०१८ कात्तिक २४ (९ नोभेम्बर १९६१) कायम गरेको देखिएको छ।

उनले आफ्नो वास्तविक जन्ममितिभन्दा करिब ३ वर्ष उमेर घटाएर राष्ट्रसेवकको हैसियतले प्राप्त हुने कूटनीतिक राहदानी र विशेष राहदानी प्राप्त गर्न झुट्टा विवरण पेस गरेको पाइएको अख्तियार प्रवक्ता सहसचिव नरहरि घिमिरेले जानकारी दिए।

» बाँकी पृष्ठ ५